# गैडहवा गाउँपालिका

# बिनियोजन ऐन २०७५

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नामः गैडहवा गाउँपालिका विनियोजन ऐन, २०७५ रहेको छ ।

ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

क) आर्थिक वर्ष २०७५/०७६ को निमित्त गैडहवा गाउँपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १अनुसारको आम्दानी र अनुसूची २मा उल्लेखित चालू खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु५१,१२,४३,९००। ( मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट आम्दानी गर्न र खर्च गर्न सकिने छ । साथै उक्त रकम बाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचितकोषमा आम्दानी गर्न र तोकिए बमोजिम खर्च गर्न सकिने छ ।

**३.विनियोजनः**

क) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/२०७६ को निमित्त गैडहवा गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

ख) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम वडा कार्यालयहरुलाई तोकिए बमोजिम खर्च गर्ने अधिकार प्रदान गर्न सक्ने छ । जसको लागि कार्यपालिकाले कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

ग) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउंकार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिका बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकहरुमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तनी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन ।